मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## श्रीमती कुटपिट गरि हत्या गरेको आरोपमा एक पक्राउ

**मधेशदृष्टि**
**कलैया।**
श्रीमतिलाई कुटपिट गरि हत्या गरेको अभियोगमा बाराको निजगढ नगरपालिका वडा नं. १२ रामथली बस्ने ५५ वर्षीय विजय मोक्तानलाई प्रहरीले पक्राउ गरेको छ।
प्राप्त खबर अनुसार घरायसी विवादका क्रममा आफ्नी पत्नी ४७ वर्षीया सुकुमाया मोक्तानलाई बुधवार साँझ बिजयले जंगली लहराको टुक्राले कुटेका थिए । सामान्य घाइते सुकुमायालाई तत्कालै स्थानीय स्वस्थ्यकर्मी बोलाएर उपचार गरिएको थियो। उपचार पछि खाना खाएर सुतेकी सुकुमाय विहिवार विहान ४ बजे ओछ्यान मै मृत अवस्थामा फेला परेको आरोपित विजयको भनाई छ।
घटनाको जानकारी पाए लगतै अस्थायी प्रहरी पोष्ट रतनपुरबाट गएको प्रहरी टोलीले विजयलाई नियन्त्रणमा लिएको हो । मृतक सुकुमायाँको शव कलैया अस्पतालमा पोष्ट मार्टम गरिएको र घटनाबारे विस्तृत अनुसन्धान थालिएका जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

वर्ष ४ • अंक ३०३ • २०८३ साल असोज २३ गते शुक्रबार • Friday 09, October 2026 • सूर्योदय: बिहान ०५:५० बजे • सूर्यास्त: साँझ ०५:३७ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## उज्यालो बाँड्ने तिलगंगामाथि अँध्यारा प्रश्न:

# जग्गा, अनुदान र सहयोगको हिसाब कहाँ ?

## आर्थिक अनियमितता र श्रम शोषणको आरोप, संसदीय छानबिन माग




प्रतिष्ठित स्वास्थ्य संस्था तिलगंगा आँखा प्रतिष्ठानमा आर्थिक अनियमितता र श्रम शोषण भएको आरोपसहित प्रतिनिधि सभाको संसदीय समितिमा उजुरी परेको छ। प्रतिष्ठानअन्तर्गतका शैक्षिक कार्यक्रममा लामो समयदेखि अध्यापनरत आलोक पौडेलसहित ९ जना शिक्षकले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा सामूहिक निवेदन दर्ता गराएका हुन्।
उजुरीकर्ताहरूले प्रतिष्ठानका विभिन्न आँखा कार्यक्रम, अन्धोपन निवारण संघ, आई बैंक तथा शैक्षिक कार्यक्रमबाट प्राप्त करोडौँ रुपैयाँ आम्दानी र स्वदेशी–विदेशी सहयोग 'तिलगंगा होल्डिङ' नामक निजी कम्पनीमार्फत सारेर दुरुपयोग गरिएको आरोप लगाएका छन् । उनीहरूले संस्थाको आर्थिक कारोबार, दातृ निकायबाट प्राप्त सहयोग तथा निजी कम्पनीसँगको सम्बन्धबारे छानबिन गर्न माग गरेका छन्।

- **सामाजिक सुरक्षा माग्दा निष्कासन गरेको आरोप**

२०७२ सालदेखि अध्यापन गर्दै आएका शिक्षकहरूले गत २०८१ कात्तिकमा सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन लिखित माग गरेपछि व्यवस्थापनले प्रतिशोध साँधेको दाबी गरेका छन्। उनीहरूका अनुसार मङ्सिर ४ गतेदेखि कक्षाकोठामा प्रवेशमा रोक लगाउनुका साथै सुरक्षा गार्डसमेत परिचालन गरिएको थियो।
लामो समय काम गरे पनि नियुक्तिपत्र र बर्खास्तगीको लिखित पत्र नदिएको तथा असोजदेखिको पारिश्रमिकसमेत रोकिएको शिक्षकहरूको गुनासो छ। श्रम कार्यालयबाट न्याय नपाएको र विषय अदालतमा विचाराधीन रहेको उल्लेख गर्दै उनीहरूले आर्थिक कारोबारदेखि श्रमसम्बन्धी विषयसम्म निष्पक्ष संसदीय छानबिन गरी दोषीमाथि कारबाही र रोकिएको पारिश्रमिक उपलब्ध गराउन माग गरेका छन्।
प्रतिष्ठान र अन्धोपन निवारण संघसँग सम्बन्धित आर्थिक तथा संस्थागत विषयमा प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिमा उजुरी पर्नुले विषयलाई थप गम्भीर बनाएको छ । उजुरीकर्ताले प्रतिष्ठान र संघमा प्राप्त सहयोग निजी कम्पनीतर्फ गएको दाबी गर्दै तिलगंगा होल्डिङ्ग तथा तिलगंगा आई सेन्टर प्रालिसहित सात कम्पनीको विवरण झिकाएर अनुसन्धान गर्न माग गरेका छन्।

## अब जवाफ खोजिनुपर्ने प्रश्न

तिलगंगा आँखा प्रतिष्ठानको उपचार सेवा र सामाजिक योगदानमाथि प्रश्न उठाउनु उद्देश्य होइन । तर सार्वजनिक सेवा, सरकारी अनुदान, कर छुट र स्वदेशी–विदेशी सहयोगसँग जोडिएको संस्थाको आर्थिक तथा संस्थागत पारदर्शितामाथि प्रश्न उठेपछि त्यसको जवाफ खोजिनैपर्छ।
अन्धोपन निवारण संघ र तिलगंगा प्रतिष्ठानबीच वास्तविक संस्थागत सम्बन्ध के हो ? पाँच रोपनी जग्गा कसको स्वामित्वमा छ र त्यसमा बनेका संरचनाको कानुनी हैसियत के हो ?
पशुपति क्षेत्र विकास कोषसँगको सम्झौता किन परिवर्तन भयो ? पाँच करोडभन्दा बढी सरकारी अनुदानबाट खरिद गरिएका सामग्री अहिले कहाँछन् ? विदेशी तथा स्वदेशी दाताबाट प्राप्त सहयोगको लेखांकन कसरी भएको छ ? निजी कम्पनीसँग प्रतिष्ठान तथा संघको आर्थिक सम्बन्ध के हो ?
यी प्रश्नको उत्तर सम्बन्धित संस्था मात्र होइन, 'समाज कल्याण परिषद्, सरकारी निकाय र सार्वजनिक लेखा समिति'ले समेत खोज्नुपर्ने देखिन्छ। तिलगंगा आँखा प्रतिष्ठानको सबैभन्दा ठूलो पूँजी उसको सार्वजनिक विश्वास हो । त्यसैले संस्थामाथि उठेका प्रश्नलाई दबाउने वा टार्ने होइन, प्रमाणसहित स्पष्ट पार्ने बाटो रोजिनुपर्छ । आँखाको अँध्यारो हटाउने संस्थामाथि आर्थिक र संस्थागत अँध्यारोको प्रश्न उठेको छ । अब त्यो अँध्यारो आरोपले होइन, पारदर्शी छानबिन र सार्वजनिक तथ्यले हटाउनुपर्छ।

**मधेशदृष्टि**
**काठमाडौँ।**
आँखाको अन्धकार हटाएर दृष्टिको उज्यालो फैलाउने उद्देश्यले स्थापित तिलगंगा आँखा प्रतिष्ठान अहिले उपचार सेवाका कारण मात्र होइन, यसको संस्थागत संरचना, सम्पत्ति, आर्थिक कारोबार र सहयोगको व्यवस्थापनसँग जोडिएका गम्भीर प्रश्नका कारण चर्चामा आएको छ। प्रतिष्ठान र त्यसकै उद्देश्यसँग मिल्दोजुल्दो 'अन्धोपन निवारण संघ' बीचको सम्बन्धदेखि पाँच रोपनी जग्गाको स्वामित्व, पशुपति क्षेत्र विकास कोषसँगको सम्झौता परिवर्तन, सरकारी अनुदानबाट खरिद गरिएका सामान तथा स्वदेशी–विदेशी सहयोगको हिसाबकिताबसम्मका विषयमा प्रश्न उठेका छन्।
यी विषयमा प्रतिनिधि सभाअन्तर्गतको 'सार्वजनिक लेखा समितिमा उजुरीसमेत परेको' छ। उजुरीमा प्रतिष्ठान र संघलाई प्राप्त सहयोग निजी कम्पनीतर्फ गएको दाबी गर्दै तिलगंगा होल्डिङ्ग, तिलगंगा आई सेन्टर प्रालिसहित सात कम्पनीको अभिलेख झिकाएर छानबिन गर्न माग गरिएको छ । तिलगंगा आँखा प्रतिष्ठान मुलुककै पुरानो र चर्चित आँखा उपचार संस्थामध्ये एक हो । विशेषज्ञ चिकित्सकबाट उपचार हुने भएकाले देशका विभिन्न क्षेत्रबाट बिरामी यहाँ पुग्ने गरेका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाएको संस्थामाथि आर्थिक तथा संस्थागत अनियमितताको प्रश्न उठ्नुले यसको पारदर्शिता र जवाफदेहितामाथि गम्भीर बहस सिर्जना गरेको छ।

**एउटै उद्देश्यका दुई संस्था किन ?**

तिलगंगाको संरचनासँग जोडिएको प्रमुख प्रश्नमध्ये एक हो 'अन्धोपन निवारण संघ किन मकवानपुरमा छुट्टै दर्ता गरियो ?' नेपाल आँखा कार्यक्रमअन्तर्गत गैरसरकारी संस्थाका रूपमा तिलगंगा आँखा प्रतिष्ठान सञ्चालनमा आएको हो । यो कार्यक्रम जिल्ला प्रशासन कार्यालय काठमाडौं तथा समाज कल्याण परिषद्मा दर्ता रहेको बताइएको छ। सेवामूलक उद्देश्य भएकाले प्रतिष्ठानले सरकारबाट कर छुटसमेत पाउँदै आएको छ । यसैबीच, उस्तै उद्देश्य बोकेको अन्धोपन निवारण संघ जिल्ला प्रशासन कार्यालय मकवानपुरमा दर्ता गरेर सञ्चालनमा ल्याइएको थियो।
यसमा अझ रोचक पक्ष के देखिन्छ भने कुनै समय तिलगंगा प्रतिष्ठानमा जिम्मेवारी सम्हालिरहेका पदाधिकारी नै अन्धोपन निवारण संघमा समेत पदाधिकारी रहेको विषयमा प्रश्न उठेको छ । समाज कल्याण परिषद् ऐनले एउटै प्रकृति तथा उद्देश्य भएका संस्थामा एउटै व्यक्ति दोहोरो पदाधिकारी बन्न नपाउने व्यवस्था गरेको अवस्थामा यस्तो दोहोरो संलग्नता कसरी सम्भव भयो भन्ने प्रश्न उठेको हो । यससम्बन्धी उजुरीपछि केही पदाधिकारी हटेको बताइएको छ। तर संस्था सञ्चालनको संरचना र विगतको सम्बन्धबारे अझै स्पष्टता आवश्यक देखिन्छ।

**पाँच रोपनी जग्गा: स्वामित्व कसको, संरचना कसको ?**

अन्धोपन निवारण संघसँग जोडिएको अर्को महत्वपूर्ण विषय हो 'पाँच रोपनी जग्गा।' प्राप्त विवरणअनुसार संघमा रहेको मुनाफा तथा विभिन्न स्रोतबाट प्राप्त सहयोगबाट करिब पाँच रोपनी जग्गा खरिद गरिएको थियो । उक्त जग्गामा तिलगंगा आँखा प्रतिष्ठानले आफ्नो भौतिक संरचना निर्माण गरेको बताइएको छ। तर जग्गाको स्वामित्व भने संघकै नाममा रहेको दाबी गरिएको छ। यसले स्वाभाविक रूपमा प्रश्न जन्माउँछ 'जग्गा एउटा संस्थाको नाममा र त्यसमा बनेको संरचना अर्को संस्थाको नाममा हुनुको कानुनी तथा संस्थागत आधार के हो ?'
जग्गा खरिदमा प्रयोग भएको रकमको स्रोत, निर्णय प्रक्रिया, स्वामित्व हस्तान्तरणको व्यवस्था तथा निर्माण गरिएको संरचनाको लेखांकन कसरी भएको छ भन्ने विषय स्पष्ट हुनुपर्ने देखिन्छ।

**पशुपति क्षेत्रको जग्गा र सम्झौताको कथा**

तिलगंगा आँखा प्रतिष्ठानको अर्को महत्वपूर्ण सम्पत्ति तथा संरचना काठमाडौंको गौशालास्थित पशुपति क्षेत्रसँग जोडिएको छ। प्रतिष्ठानको भवन पशुपति क्षेत्र विकास कोषको जग्गामा निर्माण भएको हो । प्रतिष्ठानले कोषको करिब १४ रोपनी जग्गा लिजमा लिएर सञ्चालन गर्दै आएको बताइएको छ।
प्रारम्भिक सम्झौतामा प्रतिष्ठानले गर्ने मुनाफाको २० प्रतिशत कोषलाई दिने व्यवस्था रहेको बताइन्छ । तर लामो समयसम्म कोषले मुनाफाबाट रकम प्राप्त नगरेको र प्रतिष्ठानले नै उक्त रकम सञ्चालन गर्दै आएको दाबी गरिएको छ । पछि राजनीतिक परिवर्तनपछिको समयमा सम्झौताको स्वरूप परिवर्तन गरिएको बताइएको छ । मुनाफामा हिस्सेदारी रहने व्यवस्थाको स्थानमा वार्षिक भाडा तिर्ने व्यवस्था कायम गरिएको हो।
पशुपति क्षेत्र विकास कोषका सूचना अधिकारी सूर्यबहादुर भाटका अनुसार हाल प्रतिष्ठानले वार्षिक चार लाख रुपैयाँ भाडा बुझाउँदै आएको छ। यदि प्रारम्भिक सम्झौता र पछिल्लो सम्झौताबीच महत्वपूर्ण परिवर्तन भएको हो भने 'त्यो परिवर्तन कुन आधारमा, कसको निर्णयबाट र किन गरियो ?' भन्ने प्रश्नको आधिकारिक जवाफ आवश्यक छ।

**पाँच करोडभन्दा बढीको सरकारी अनुदान कहाँ खर्च भयो ?**

प्रतिष्ठानको आर्थिक पारदर्शितामाथि उठेको अर्को गम्भीर प्रश्न सरकारी अनुदानबाट खरिद गरिएका सामग्रीसँग सम्बन्धित छ । प्रतिष्ठानका अनुसार यसको सञ्चालन विदेशी

बाँकी पृष्ठ ३ मा

## रेजिडेन्ट चिकित्सक २४ दिनदेखि आन्दोलनमा, 'फेक फाइल' र 'फेक फ्याकल्टी' छानबिन गर्न माग

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित नेशनल मेडिकल कलेजका रेजिडेन्ट चिकित्सकले आफूहरूले लामो समयदेखि भोग्दै आएका समस्या तत्काल समाधान गर्न सरकारसँग हस्तक्षेपको माग गरेका छन्। अध्ययन र काम गर्ने क्रममा कलेज व्यवस्थापनबाट दबाब सिर्जना गरिएको तथा आवश्यक शैक्षिक वातावरण नदिइएको आरोप लगाउँदै उनीहरू २४ दिनदेखि आन्दोलनमा छन्।
आन्दोलनरत चिकित्सकहरूले मंगलबार सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालय पुगेर आफ्ना समस्या र माग सरकारसमक्ष औपचारिक रूपमा राखेका हुन्। मन्त्रालयमा भएको छलफलमा पहिलो वर्षमा अध्ययनरत ४० भन्दा बढी रेजिडेन्ट चिकित्सक सहभागी थिए । छलफलका क्रममा चिकित्सकहरूले कलेजभित्र आफूहरूले सामना गर्नुपरेका विभिन्न समस्या मन्त्रालयका उच्च अधिकारीसमक्ष राख्दै अध्ययनका लागि सुरक्षित, शान्तिपूर्ण र मर्यादित वातावरण सुनिश्चित गर्न माग गरे । उनीहरूले समस्या समाधान नभएसम्म तत्काल कलेज फर्किएर अध्ययनमा सहभागी हुने अवस्था नरहेको स्पष्ट पारे।
रेजिडेन्ट चिकित्सकहरूले निजी मेडिकल कलेजमा 'फेक फाइल' र 'फेक फ्याकल्टी' रहेको दाबीसमेत गरेका छन् । उनीहरूले यस्ता विषयमा निष्पक्ष छानबिन गरी दोषी देखिएमा सम्बन्धित चिकित्सक तथा व्यक्तिमाथि आवश्यक कारबाही गर्न सरकारसँग माग गरेका छन् । चिकित्सकहरूका अनुसार कलेज व्यवस्थापनको व्यवहार तथा अध्ययनका लागि आवश्यक वातावरणको अभावका कारण आफूहरू नियमित शैक्षिक गतिविधिमा फर्कन सक्ने अवस्थामा छैनन् । त्यसैले सरकारको प्रत्यक्ष पहलबाट समस्या समाधान गरी पुनः अध्ययन गर्ने वातावरण बनाउनुपर्ने उनीहरूको जोड छ।
'यो सरकारसँग आशा छ, त्यही भएर यहाँसम्म आएका हौं,'

बाँकी पृष्ठ ३ मा

## पाँच वर्षीया बालिकामाथि जबर्जस्ती करणी प्रयास:

# स्कुल बसका सहचालकविरुद्ध मुद्दा



**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको कटहरियामा पाँच वर्षीया बालिकालाई फकाएर सुनसान स्थानमा लगेर जबर्जस्ती करणीको प्रयास गरेको आरोपमा स्कुल बसका सहचालकविरुद्ध मुद्दा दर्ता भएको छ । कटहरिया नगरपालिका–५ का २२ वर्षीय सर्विन यादवविरुद्ध जबर्जस्ती करणी उद्योगसम्बन्धी मुद्दा दर्ता गरी प्रहरीले अनुसन्धान अघि बढाएको हो।
बिहीबार पीडित परिवारले इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिएपछि यादवविरुद्ध मुद्दा दर्ता गरिएको हो । उनलाई रौतहट जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर अनुसन्धान भइरहेको डीएसपी शंकरप्रसाद आचार्यले जानकारी दिए।

**विद्यालयबाट बाहिर बोलाएर छाप्रोमा लगेको आरोप**

प्रहरीका अनुसार बुधबार बिहान द ड्रीम एकेडेमीमा अध्ययनरत आफ्ना दाजुलाई टिफिन पु¥याउन विद्यालय पुगेकी बालिकालाई यादवले विद्यालय परिसरबाट बाहिर बोलाएका थिए । त्यसपछि नजिकैको सुनसान स्थानमा रहेको खाली छाप्रोमा लगेर जबर्जस्ती करणीको प्रयास गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।
घटनापछि बालिका त्यहाँबाट उम्किएर घर पुगेकी थिइन् । उनले आमालाई घटनाबारे बताएपछि परिवारले विद्यालय प्रशासनलाई जानकारी गराएको थियो।

**घटना दबाउन दबाब दिएको आरोप**

परिवारले घटनालाई सार्वजनिक नगर्न विद्यालय प्रशासनबाट दबाब दिइएको आरोपसमेत लगाएको छ। यस विषयमा समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।
घटनापछि प्रहरीले विद्यालय परिसर र घटनास्थलको निरीक्षण गर्नुका साथै सीसीटीभी फुटेज जाँच गरेको थियो । प्रहरीका अनुसार फुटेजमा यादवले बालिकालाई छाप्रोतर्फ लैजाँदै गरेको देखिएको छ । बालिकाको स्वास्थ्य परीक्षणसमेत भइसकेको प्रहरीले जनाएको छ। घटनाको थप अनुसन्धान जारी रहेको डीएसपी आचार्यले बताए।

**नापी अभिलेखमै नभएको श्रेस्ताबाट**

## ३ करोडको जग्गाको लालपुर्जा बनाउने प्रयास

## शंका लागेपछि प्रक्रिया रोकियो




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित नेशनल मेडिकल कलेजका रेजिडेन्ट क्रममा कलेज व्यवस्थापनबाट दबाब सिर्जना गरिएको तथा आवश्यक शैक्षिक वातावरण नदिइएको आरोप लगाउँदै




चिकित्सकले आफूहरूले लामो समयदेखि भोग्दै आएका समस्या तत्काल समाधान गर्न सरकारसँग हस्तक्षेपको माग गरेका छन्। अध्ययन र काम गर्ने उनीहरू २४ दिनदेखि आन्दोलनमा छन्।
आन्दोलनरत चिकित्सकहरूले मंगलबार सिंहदरबारस्थित

बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# मधेश विश्वविद्यालयः कार्यक्रम विस्तारसँगै गुणस्तरको परीक्षा !

वीरगंजमा स्थापना भएको मधेश विश्वविद्यालयले चालु शैक्षिकसत्रदेखि थप तीनवटा शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याउनु सकारात्मक र स्वागतयोग्य कदम हो। स्नातकोत्तर तहको एमबीए तथा स्नातक तहका एलएलबी र बीबीएको पठनपाठन सुरु गर्नुले विश्वविद्यालयले आफ्नो शैक्षिक दायरा फराकिलो बनाउँदै गएको देखाउँछ। तर कार्यक्रम थप्नु मात्रै विश्वविद्यालय विस्तारको मापदण्ड बन्न सक्दैन। अबको वास्तविक परीक्षा भनेको यी कार्यक्रमले कस्तो शिक्षा दिन्छन्, कस्ता जनशक्ति उत्पादन गर्छन् र समाज तथा श्रमबजारसँग कति जोडिन्छन् भन्ने हो। मधेश प्रदेशमा उच्च शिक्षाको अवसर विस्तार गर्ने उद्देश्यले स्थापना भएको विश्वविद्यालयले छोटो समयमै नयाँ कार्यक्रम थप्न सक्नु उपलब्धि हो। विद्यार्थीको आकर्षण बढ्दै गएको दाबीले पनि यस क्षेत्रका युवामा गुणस्तरीय उच्च शिक्षाको माग रहेको स्पष्ट गर्छ। विगतमा उच्च शिक्षा अध्ययनका लागि काठमाडौं, पोखरा वा अन्य शहरतर्फ जानुपर्ने बाध्यता धेरै हदसम्म घटाउन सक्ने सम्भावना मधेश विश्वविद्यालयसँग छ। तर यहीँबाट विश्वविद्यालयमाथि जिम्मेवारी पनि थपिएको छ।

एमबीए, एलएलबी र बीबीएजस्ता कार्यक्रम सञ्चालन गर्नु आफैंमा ठूलो उपलब्धि होइन। देशमा यस्ता कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय र कलेजको संख्या कम छैन। फरक यति हुनुपर्छ कि मधेश विश्वविद्यालयबाट निस्कने विद्यार्थी केवल प्रमाणपत्र बोकेर बजारमा निस्कने होइन, ज्ञान, सीप, अनुसन्धान क्षमता र व्यवहारिक दक्षता बोकेर श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने हुनुपर्छ। विश्वविद्यालयले अनुसन्धान र प्रशिक्षणलाई शिक्षणको आधार बनाउने लक्ष्य सार्वजनिक गरेको छ। यो लक्ष्य कागजमा सीमित हुनु हुँदैन। मधेश प्रदेशका आर्थिक, सामाजिक, कृषि, उद्योग, स्वास्थ्य, रोजगारी, सीमा व्यापार र सार्वजनिक प्रशासनसँग जोडिएका समस्यामाथि विश्वविद्यालयले अनुसन्धान गर्न सक्नुपर्छ। यहाँका विद्यार्थीले आफ्नै समाजका समस्या बुझेर समाधानका उपाय खोज्न सक्ने वातावरण निर्माण गर्नुपर्छ। विश्वविद्यालयको विस्तार भवन, कक्षा र कार्यक्रमको संख्याले मात्र मापन गरिनु हुँदैन। कति विद्यार्थी भर्ना भए भन्नेभन्दा कति दक्ष बने, कति अनुसन्धान भए, कति रोजगारी सिर्जना भयो र समाजले विश्वविद्यालयबाट के पायो भन्ने प्रश्न महत्वपूर्ण हो। विश्वविद्यालयले आगामी दिनमा मेडिकल, ल्याब टेक्निसियन, फिजियोथेरापी लगायत स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने लक्ष्य अघि सारेको छ। नारायणी अस्पताल र पोखरिया अस्पताललाई आधार बनाएर एमबीबीएस सञ्चालनको सम्भाव्यता अध्ययन गर्ने तयारीसमेत गरिएको छ। यो महत्वाकांक्षी योजना हो। तर स्वास्थ्य शिक्षा अरू कुनै सामान्य शैक्षिक कार्यक्रमजस्तो होइन। यसमा पूर्वाधार, दक्ष जनशक्ति, प्रयोगशाला, अस्पतालमा पर्याप्त बिरामीको चाप, नियामक निकायका मापदण्ड र ठूलो लगानी आवश्यक हुन्छ। त्यसैले मेडिकल शिक्षा सुरु गर्ने घोषणा लोकप्रियताका लागि होइन, गुणस्तरको पूर्ण तयारीपछि मात्र कार्यान्वयनमा आउनुपर्छ। अधुरो पूर्वाधार र अपर्याप्त जनशक्तिमा मेडिकल कलेज सञ्चालन गर्ने हो भने त्यसको प्रत्यक्ष असर विद्यार्थीको भविष्य र बिरामीको सुरक्षामा पर्न सक्छ।

मधेश विश्वविद्यालयले एमफिल, पीएचडी, फार्मेसी, विज्ञान तथा सूचना प्रविधिसम्बन्धी प्राविधिक कार्यक्रम सञ्चालन गर्ने लक्ष्य पनि राखेको छ। यी योजनाहरू आवश्यक छन्। तर कार्यक्रम थप्ने होडभन्दा पहिले विद्यमान कार्यक्रमलाई मजबुत बनाउनुपर्छ। योग्य प्राध्यापक, आधुनिक प्रयोगशाला, पुस्तकालय, डिजिटल स्रोत, अनुसन्धानका लागि पर्याप्त बजेट र विद्यार्थीलाई व्यवहारिक अभ्यासको अवसर सुनिश्चित गर्नुपर्छ। अर्को महत्वपूर्ण पक्ष हो मधेशका ग्रामीण तथा आर्थिक रूपमा कमजोर वर्गका विद्यार्थीको पहुँच। विश्वविद्यालय स्थापनाको मूल भावना नै मधेशका नागरिकलाई आफ्नै क्षेत्रमा उच्च शिक्षाको अवसर दिनु हो भने शुल्क, छात्रवृत्ति, यातायात, आवास र सूचना पहुँचजस्ता विषयलाई प्राथमिकतामा राखिनुपर्छ। वीरगंजमा विश्वविद्यालय भएर पनि मधेशका ग्रामीण भेगका विद्यार्थी त्यहाँसम्म पुग्न नसक्ने अवस्था आयो भने यसको उद्देश्य अधुरो हुनेछ।

विश्वविद्यालयले अघि सारेको 'मधेश स्किल स्कुल'को अवधारणा पनि यही सन्दर्भमा महत्वपूर्ण छ। शिक्षा, श्रम, सीप र समृद्धिलाई जोड्ने भनिएको यो अवधारणालाई व्यवहारमा उतार्न सके मधेशको शिक्षामा नयाँ मोड आउन सक्छ। तर सीप शिक्षालाई पनि बजारको वास्तविक आवश्यकतासँग जोड्नुपर्छ। स्थानीय उद्योग, व्यापार, कृषि, पर्यटन, सूचना प्रविधि र सेवा क्षेत्रसँग सहकार्य गरेर पाठ्यक्रम निर्माण गर्न सकिएमा मात्र उत्पादित जनशक्ति रोजगारयोग्य बन्न सक्छ। मधेश विश्वविद्यालय अझै नयाँ संस्था हो। नयाँ संस्थासँग गल्ती सच्याउने र नयाँ अभ्यास सुरु गर्ने अवसर हुन्छ। त्यसैले यसले परम्परागत विश्वविद्यालयहरूको कमजोरी दोहो¥याउनु हुँदैन। राजनीतिक हस्तक्षेप, कमजोर प्रशासन, कागजी अनुसन्धान, अनुपयुक्त पाठ्यक्रम र प्रमाणपत्र वितरणमा सीमित हुने विश्वविद्यालयको पुरानो शैलीबाट यो संस्था टाढा रहनुपर्छ। कार्यक्रम थपिँदै जानु राम्रो हो, तर गुणस्तर घट्दै जानु स्वीकार्य हुँदैन।

एमबीए, एलएलबी र बीबीएको विस्तारलाई उपलब्धिको पहिलो खुड्किलो मान्न सकिन्छ। त्यसपछि एमबीबीएस, स्वास्थ्य विज्ञान, फार्मेसी, विज्ञान, सूचना प्रविधि, एमफिल र पीएचडीसम्म पुग्ने योजना अझ ठूलो जिम्मेवारी हो। मधेश विश्वविद्यालयले अब संख्या होइन, स्तरको प्रतिस्पर्धा गर्नुपर्छ। विद्यार्थीको भीड होइन, दक्ष जनशक्ति उत्पादन गर्नुपर्छ। प्रमाणपत्र होइन, क्षमता दिनुपर्छ। भवन होइन, ज्ञानको वातावरण बनाउनुपर्छ। र सबैभन्दा महत्वपूर्ण मधेशको वास्तविक समस्या समाधान गर्ने अनुसन्धान र सीपमा आधारित शिक्षाको केन्द्र बन्नुपर्छ। विश्वविद्यालयको सफलता नयाँ कार्यक्रम कति थपियो भन्ने तथ्यांकले होइन, त्यहाँबाट निस्किएका विद्यार्थीले मधेश र देशको भविष्य कति बदल्न सके भन्ने परिणामले तय गर्नेछ। त्यसैले मधेश विश्वविद्यालयलाई अब विस्तारको उत्साहसँगै गुणस्तरको कठोर परीक्षा पनि स्वीकार गर्नुपर्छ। नयाँ कार्यक्रमको घोषणा गरेर ताली पाउनु सजिलो छ, ती कार्यक्रमबाट सक्षम पुस्ता उत्पादन गर्नु नै असली चुनौती हो।

# शिक्षकबाट कृषिउद्यमी बनेका फेन्चु अरुका लागि अनुकरणीय

**वासुदेव पौडेल/वसन्त भण्डारी**



**बागमती।**

हेटौँडा उपमहानगरपालिका–१३ पदमपोखरी आदामारका ३७ वर्षीय युवा फेन्चु लामा आजभन्दा १० वर्षअघिसम्म शिक्षण पेसामा आबद्ध थिए। गणित विषयमा स्नातक तथा योजना व्यवस्थापनमा स्नातकोत्तरसम्म अध्ययन गरेका लामाले मनहरी गाउँपालिका–१ मकरीस्थित बालजीवन ज्योति माध्यमिक विद्यालयमा अध्यापन गरिहँदा उनमा कृषि उद्यमतर्फको रुचि जागेर आयो। आफ्नो रुचि र जाँगरसँगै परिवारको साथ र समर्थनका जगमा कृषिको व्यावसायिकतामा लागेका लामा अहिले हेटौँडाकै एउटा नमुना कृषि उद्यमीका रुपमा परिचित छन्। विसं २०७३ देखि बाख्रापालन थालेको उनी छ वर्षदेखि ड्रागनको ि खेती गर्दै आएका छन्। पदमपोखरीमा एमएनएस एग्रो प्रालि सञ्चालन गर्दै उनले त्यसै कम्पनिमार्फत करिब ३० कट्ठा जमिनमा ड्रागनखेती गरिरहेका छन्। त्यस्तै उनले ड्रागनखेतीसँगै विभिन्न अन्तरबाली पनि लगाएका छन्। उनको फार्ममा करिब १० मेट्रिकटन क्षमताको शीतभण्डार, पोलीहाउस संरचना, सिँचाइ पूर्वाधार तथा मिनीटिलर र ट्र्याक्टरसहितको यान्त्रिकीकरण उपयोग गरिएको छ। उनले फार्मसँगै कृषि सामग्रीका लागि मिमा सप्लायर्स र पशु स्वास्थ्यका लागि मिमा भेट फार्म पनि सञ्चालन गर्दै आएका छन्।

समाजमा आधुनिक कृषि प्रविधिको विकाससँगै कृषि पर्यटन, रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ सुरुमा बाख्रापालनबाट उनले व्यावसायिकतामा हात हालेका हुन्। सुरुमा घरमा नै १५ वटा बाख्रा रहेकामा उनले क्रमशः बाख्रा थप्दै १०० वटासम्म बाख्रा पालेको अनुभव सुनाए। बुबा रत्नकुमार लामाले २०५३ सालदेखि पदमपोखरीमा सञ्चालन गरेको एग्रेभेटले जगाएको कृषिप्रतिको इच्छा, बुबासँगै आमा सुमित्राकुमारीको प्रेरणा र श्रीमती सपनाको निरन्तरको साथ र सहयोगले उनी कृषिका बहुविकल्पलाई अँगाल्ने कृषिउद्यमीका रुपमा परिचित बनेका छन्। शिक्षण पेसाबाट व्यावसायिक कृषिमा लम्कनका लागि पदमपोखरी चोकमा बुबा रत्नकुमारले सञ्चालन गर्दै आएको एग्रोभेट पसल महत्वपूर्ण माध्यम बन्न पुगेको उनको भनाइ छ। उक्त एग्रेभेटमा किसान सधैँ आफ्ना समस्या र समाधान खोज्दै आउने र त्यहाँ बस्दा किसानका कुरा सुनेपछि आफूहरू उत्पादनमा लाग्नुपर्छ भन्ने भावना जागृत बनेको उनले अनुभव सुनाए। नेपाल पूर्ण रूपमा आयातमा निर्भर भएका अवस्थामा उत्पादनमा नलाग्ने हो भने देशमा परिवर्तन आउन नसक्ने ठहरसहित आफू व्यावसायिक कृषिमा होमिएको उनको तर्क छ।

कृषिको व्यावसायिकता तथा उत्पादनमूलक क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोचका साथ बाख्रापालनबाट यस क्षेत्रमा लाँदैगर्दा ड्रागन फलको बजारमा उच्च मूल्य, बोयर बाख्राको उन्नत जात र सयपत्री फूलको बढ्दो माग आदिलाई दृष्टिगत गर्दै यसतर्फ आकर्षित बन्न पुगेको उनले बताए। ड्रागनबाट व्यावसायिक उत्पादन लिन कम्तीमा पाँच वर्षको धैर्यता चाहिने बताउँदै उनले फल पाक्नेबेला चराचुरुङ्गीले करिब १० प्रतिशतसम्म क्षति पु¥याउने, ढुसीजन्य रोगको प्रकोप देखिनेजस्ता विभिन्न समस्या आउने बताए। आफ्नो फार्ममा चराबाट बचाउन 'बर्ड नेट' र फललाई सुरक्षित राख्न 'ब्यागिङ'को काम गरिएको उनले जानकारी दिए। अन्तरबालीअन्तर्गत मेवा, सयपत्री आदिको समेत उत्पादन गर्दै आएका उनले वार्षिक ड्रागन फलबाट वार्षिक ३० लाख रुपैयाँ बराबरको उत्पादन गरेका छन् भने पाँच लाख रुपैयाँ बराबरको मेवा उत्पादन गरेका छन्। त्यस्तै, उनले वार्षिक एक लाख रुपैयाँसम्मको सयपत्रीको उत्पादन गरिहेका छन्। उनको फार्ममा हाल १० हजार बोट ड्रागन फलका बोटसँगै ५०० को संख्यामा मेवाका बोट रहेका छन्।

लामाको फार्म पूर्ण रूपमा पारिवारिक जनशक्ति र ज्ञानमा आधारित रहेको छ। प्राविधिक अनुभवसहित उनका बुबा यसमा सक्रिय छन् भने श्रीमतीको कृषिकै अध्ययन र आफू पनि स्नातकोत्तर गरेपछि जेटिए पढेर कृषिसम्बन्धी विशेष तालिम लिएका छन्। उनीहरूको परिवार सबै एकताबद्ध रुपमा फार्ममा खटिरहेको छ भने अन्य चार जना स्थायी कामदार रहेका छन्। मुख्य याममा भने थप ४०० जनासम्मका मजदुर खटाउने गरिएको छ। पछिल्ला वर्षमा फार्ममार्फत अरूलाई पनि सिकाएर कृषिमा काम गर्नसक्ने दक्ष बनाएको उनले बताए। यहाँको सफलता देखेर पछिल्ला समयमा ठाउँठाउँबाट उहाँसँग जान्न र सिक्न आउनेको संख्या पनि बढ्दो छ। जान्न तथा बुझ्न चाहनेलाई आफूले जानेका, भोगेका सीप र अनुभव बाँड्दै आएका छन्।

निरन्तरको लगाव र मेहनतकै कारण उनले स्थानीय तहदेखि प्रदेश र राष्ट्रियस्तरसम्मका विभिन्न उत्कृष्ट कृषक सम्मानसमेत प्राप्त गरिसकेका छन्। उनले २०७९ सालमा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार प्राप्त गरेका छन्। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आयोजनामा सञ्चालित जिल्लास्तरीय राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमअन्तर्गत मकवानपुर जिल्लाबाट उक्त वर्षको उत्कृष्ट कृषकमा उनी छनोट भएका थिए। हेटौँडा उपमहानगरपालिकाको ५५औँ नगर दिवसका अवसरमा उनलाई एम एन एस एग्रो प्रालि स्थापना गरी ड्रगन फल, मेवा, खरबुजा, एभोकाडोलगायतका फलफूल, सयपत्री फूल, तरकारीखेती, नर्सरी र बाख्रापालन व्यावसायिक रूपमा सञ्चालन गरी स्वदेशमै रोजगारी सिर्जना गरी युवाका लागि प्रेरणाको स्रोत बनेको भन्दै सिर्जनकशील कृषक सम्मान २०८० बाट उनीलाई सम्मान गरिएको थियो। प्रदेश कृषि थोकबजार हेटौँडा–११, थानाभ¥याङमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश र हेटौँडा उपमहानगरपालिकाको संयुक्त आयोजनामा यसैवर्ष असार ११–१३ गते सम्पन्न ड्रागन फ्रुट महोत्सव–२०८३ को प्रविधि प्रदर्शन विधामा एम एन एस एग्रो प्रालिका सञ्चालकका रूपमा उनले प्रथम पुरस्कार प्राप्त गरेका थिए। लामाले आगामी दिनमा केबल उत्पादनमा मात्र नभई उत्पादित वस्तुको प्रशोधन गरी अन्य बहु प्रकृतिका उत्पादनलाई बजारमा लैजाने सोच राखेका छन्। उनले ड्रागन फलबाट जुस, क्यान्डी र वाइन बनाउने सोच अघि सारेका छन्।

**राज्यका प्रणालीगत समस्या समाधान गर्नुपर्ने सुझाव**

कृषि क्षेत्रका प्रणालीगत रुपमा देखिएका समस्या समाधानका लागि राज्यको चासो पुग्नुपर्ने उनको भनाइ छ। कृषिप्रतिको आकर्षण बढाउनका लागि समयमा मल नपाइनु, गुणस्तरीय बीउको अभाव, कृषि बिमाको झन्झट र स्थिर बजार नहुनेलगायतका समस्या समाधानका लागि राज्यको चासो पुग्नुपर्ने उनको भनाइ छ। राज्यको नीतिहरू कृषकमैत्री बन्नुपर्ने बताउँदै उनले कृषिउपजको न्यूनतम समर्थन मूल्य निर्धारणसँगै डिजिटल बजारको पहुँच बढाउनु जरुरी रहेको बताए। राम्रो उत्पादनका लागि गुणस्तरीय बीउ आवश्यक हुने आफ्नो अनुभवले देखाएको बताउँदै उनले आफ्नो फार्ममा करिब पाँच हजार पुराना ड्रागन फलका बोट फालेर नयाँ बोट लगाएको जानकारी दिए।

कृषिकर्मका लागि पारिवारिक सहयोग तथा समर्थन पनि उत्तिकै अपरिहार्य हुने उनको अनुभव छ। 'मैले शिक्षण पेसा छोडेर कृषिमा लाग्दा सुरुसुरुमा धेरैले धेरै कुरा भने', उनले विगत सम्झँदै भने, 'आफ्नो व्यावसायिक यात्रामा बाहिरका व्यक्तिले के भन्छन्भन्दा पनि आफ्नो निरन्तरको लगाव र परिवारको साथ सहयोगले नै मलाई यो अवस्थामा पु¥याएको हो।' लामाले गरेको व्यावसायिक कृषिको सिको पछिल्लो समयमा यहाँका धेरै स्थानीयले गर्न थालेका छन्। पछिल्ला समयमा पदमपोखरीमा व्यावसायिक कृषिको विकासका लागि हेटौँडा उपमहानगरपालिकासहित सरकारी निकायले पनि निरन्तर साथ सहयोग पु¥याइरहेको उनले बताए। पदमपोखरीमा व्यावसायिक कृषिप्रतिको आकर्षण र सम्भावना देखेर नै कृषि विकास कार्यालय चितवनमार्फत समुदायमा आधारित 'एक वडा एक कृषि उत्पादन' कार्यकमअन्तर्गत मेवाखेती गरिएको छ। आधामा र कृषक समूहका रुपमा यहाँका यहाँका १०४ जना कृषक समूहमा आबद्ध भई मेवाखेती गरिरहेको समूहका अध्यक्षसमेत रहेका लामाले जानकारी दिए। उनका अनुसार पदमपोखरीमा मात्रै हाल ३० हजार संख्यामा मेवाका बोट रहेका छन्।

राम्रो मेहनत गर्नसकेमा रोजगारीका लागि विदेशिनुपर्ने अवस्था नरहेको बताउँदै उनले स्वदेशमा नै व्यावसायिक कृषिबाट स्वरोजगार बन्दै अरुलाई पनि रोजगारी दिन सकिने अनुभव सुनाए। 'यहीँ केही गर्नसकेमा इज्जतसँगै पैसा पनि कमाउन सकिन्छ', उनले थपे, 'हाम्रो यहाँको भूगोलमा व्यावसायिक कृषिका धेरै सम्भावना रहेका छन्, तर यसप्रतिको लगाव तथा समर्पण भने अपरिहार्य छ।' कृषिउद्यमलाई पर्यटनसँग पनि जोड्न सकिने बताउँदै उनले देशको आर्थिक समृद्धिका लागि कृषि उपयुक्त विकल्प भएको बताए। रासस

# धान भित्र्याउने बेलाको खेत क्षणभरमै बगर बनेपछि...



**सन्तोष गौतम**
**म्याग्दी।**

म्याग्दीको मङ्गला गाउँपालिका–५ छिस्वाङ खहरेका वीरबहादुर पुन आफ्नो खेत हेर्दै टोलाइरहेका छन्। साढे छ रोपनी खेतमा लगाएको मार्सी धान बाढीले नामोनिसान नरहने गरी पुरिदिएपछि उनको वर्षभरिको अन्नको जोहो गर्ने आधार गुमेको छ। चौध जनाको परिवारलाई वर्षभरि खान पुग्ने धान फल्ने खेत बाढीले बगरमा परिणत गरिदिएपछि उनीसँग अब करिब तीन रोपनी बाँझो जमिन मात्रै बाँकी छ।

'धान काटेर घर भित्र्याउने बेला खेत नै रहेन,' पुनले भने, 'वर्षभरि खाने अन्न फल्ने जमिन बाढीले बगर बनाइदियो।' छिस्वाङमा वीरबहादुरको जस्तै पीडा पूर्णबहादुर पुनको पनि छ। पशुचौपाया राख्ने गोठसहित उनको तीन रोपनी धानखेत बाढीले बगाएको छ। अन्न फलाउने एक इन्च जमिन बाँकी नरहेपछि उनलाई अब परिवार कसरी पाल्ने भन्ने चिन्ताले सताएको छ।

खहरे खोलाको बाढीले छिस्वाङका करिब ३५ परिवारको करिब डेढ सय रोपनी धानखेतमा क्षति पुगेको स्थानीयले बताएका छन्। अन्नबालीका लागि प्रख्यात छिस्वाङको खहरेखोला आसपासको खेतीयोग्य जमिन खोलाको बगरमा परिणत भएको छ। 'पुर्खाले छोडेको जग्गा, वर्षौंको श्रम र लगानी केही घण्टामै बाढीले बगायो,' नरबहादुर घर्तीले भने, 'धान भित्राउने समयमा खेत नै बगेपछि किसान ठूलो पीडामा छन्।' यही असोज ११ गतेको भीषण बाढीले छिस्वाङ खहरेको स्वरूप नै परिवर्तन गरिदिएको छ। केही समयअघिसम्म घरबस्ती र धानखेत रहेको ठाउँ अहिले माटो, ढुङ्गा र गेग्रानले भरिएको छ। बस्तीभन्दा करिब चार किलोमिटर माथि पाङ्ग्र्रा वनमा खसेको पहिरो खहरे खोलामा मिसिएपछि बाढी आएको थियो। पुल तथा कल्भर्टमा बाढी थुनिएपछि पानी र गेग्रान बस्तीतर्फ सोझिएको स्थानीय भिजन पुनले बताए।

बाढीले छिस्वाङमा नौ घर पूर्ण रूपमा ध्वस्त बनाएको छ। २२ भन्दा बढी घरमा आंशिक क्षति पुगेको छ। मिल, पसल, गोठ तथा घरभित्रका अन्नपात र सामग्री बाढीले बगाएको छ। घरबास गुमाएका परिवार अहिले आफन्तको घर र शारदा माध्यमिक विद्यालयमा आश्रय लिएर बसेका छन्। तुलबहादुर घर्तीले रातको समयमा खानेपानीको पाइपलाइन मर्मत गरिरहेको बेला खोल्सामो बाढी आएका स्मरण गरे। भागेर ज्यान बचाएको उनले सुनाए। 'श्रीमती खोलापारि र मैले वारि बसेर खानेपानीको पाइपलाइन मर्मत गरिरहेका थियौ। एक्कासि बाढी आएपछि भागाभाग गरेका थियौँ,' उनले भने, 'केही सेकेण्ड छिटो भाग्न सफल हुँदा ज्यान जोगिएको हो।' घर्तीले खेतबारी पुरिनुका साथै घरभित्र बाढी पसेर क्षति पुगेको बताए।

घर, गोठ, अन्नपात र खेतबारीमा ठूलो क्षति पुगेको स्थानीयवासी गौदेवी पुनले गुनासो गरे। 'घर पनि रहेन, खेत पनि बचेन्,' पुनले भने, 'अब बस्ती जोगाउने गरी नदी नियन्त्रणको काम तत्काल हुनुपर्छ।' पुनले नदी नियन्त्रण, कल्भर्ट व्यवस्थापन र जोखिममा परेको बस्तीको दीर्घकालीन पुनःस्थापनाको माग गरे। तुलप्रसाद पुन, मेखबहादुर पुन, पूर्णप्रसाद पुन, देवान घर्ती, नरबहादुर घर्ती, गौदेवी पुन, सरोज विक, जितबहादुर पुन र श्यामप्रसाद विकको घर पूर्ण क्षति भएको मङ्गला गाउँपालिका–५ का वडाअध्यक्ष भूपेन्द्र खत्रीले बताए।

घरबास र आम्दानीको आधार एकैपटक गुमेपछि परिवारको दैनिक गुजारा कठिन बनेको श्याप्रसाद बिकले बताए। स्थानीय चित्रबहादुर बिकले पहिरो र बाढीले पाइपलाइन, खानेपानीको ट्याङ्कीमा क्षति पुर्याएपछि पिउने पानीको समस्या भएको बताए। प्रमुख जिल्ला अधिकारी गणेश गैरेका अनुसार प्रारम्भिक चरणमा छिस्वाङमा हेलिकप्टरमार्फत राहत सामग्री पठाइएको थियो। अहिले सडकमार्गबाट समेत राहत तथा सहयोग पु¥याउन सकिने अवस्था बनेको उनले बताए। केही दिनअघि पहिरो र बाढी प्रभावित क्षेत्रको निरिक्षणका लागि प्रजिअ गैरेलगायत सुरक्षा अधिकारीहरुसहित छिस्वाङ पुगेका गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीसँग स्थानीयले बस्ती संरक्षण र बाढी नियन्त्रणका लागि पहल गरिदिन अनुरोध गरेका थिए। गाउँपालिका, प्रदेश सरकार र सङ्घीय सरकारको साझेदारी तथा समन्वयमा बस्तीलाई सुरक्षित बनाउने, पहिरोको थप जोखिमको अध्ययन र पुनःस्थापनाका लागि पहल भइरहेको उनले बताए। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# मधेशमा विद्युत् चुहावट घट्यो, मौलापुरमा अझै ४७.७७ प्रतिशत



**मधेशदृष्टि**
**रौतहट।**
मधेश प्रदेशमा विद्युत् चुहावट नियन्त्रणका लागि सञ्चालन गरिएका अभियानको प्रभाव देखिन थाले पनि केही वितरण केन्द्रमा समस्या अझै उच्च रहेको पाइएको छ। चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिनामा प्रदेशको समग्र विद्युत् चुहावट गत आवको सोही अवधिको तुलनामा १ दशमलव ६१ प्रतिशतले घटेको छ। नेपाल विद्युत् प्राधिकरण मधेश प्रदेश प्रादेशिक कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८२/८३ को साउन–भदौमा २२ दशमलव ५६ प्रतिशत रहेको विद्युत् चुहावट चालु आवको सोही अवधिमा घटेर २० दशमलव ९५ प्रतिशतमा पुगेको हो।

प्राधिकरणले चुहावट नियन्त्रण अभियानलाई तीव्रता दिनु, हुकिङ नियन्त्रण गर्नु, ग्राहकको बिलिङ प्रणालीमा सुधार ल्याउनु, लामो समयदेखि बन्द रहेका मिटर परिवर्तन गर्नु तथा नियमित विद्युत् रिडिङमा सुधार गर्नुलाई चुहावट घट्नुका प्रमुख कारण मानेको छ। तथ्यांकअनुसार चालु आवको साउनमा प्रदेशमा २० दशमलव ०९ प्रतिशत र भदौमा २१ दशमलव ७६ प्रतिशत विद्युत् चुहावट भएको थियो। गत आवको साउनमा यस्तो चुहावट २५ दशमलव ६७ प्रतिशत र भदौमा २३ दशमलव ५२ प्रतिशत थियो।

तर, प्रदेशको औसत चुहावट घटे पनि वितरण केन्द्रअनुसारको अवस्था भने निकै फरक देखिएको छ। बाराको सिमरा वितरण केन्द्रमा चुहावट सबैभन्दा कम २ दशमलव ९४ प्रतिशत रहेको छ भने रौतहटको मौलापुर वितरण केन्द्रमा सबैभन्दा बढी ४७ दशमलव ७७ प्रतिशत विद्युत् चुहावट भएको प्राधिकरणले जनाएको छ।

नेपाल विद्युत् प्राधिकरण मधेश प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामका प्रमुख इञ्जिनियर शम्भु कुसियैतका अनुसार रौतहटको मौलापुर र गौर तथा सर्लाहीको मलङ्गवा क्षेत्रमा विद्युत् चुहावट नियन्त्रण अझै चुनौतीपूर्ण देखिएको छ। उनका अनुसार बाराको सिमरा वितरण केन्द्रमा औद्योगिक ग्राहकको संख्या तुलनात्मक रूपमा बढी रहेकाले त्यहाँ विद्युत् चुहावट कम देखिएको हो।

यसैबीच, विद्युत् महसुल नतिर्ने ग्राहकविरुद्ध प्राधिकरणले लाइन काट्ने अभियानलाई पनि निरन्तरता दिएको छ। चालु आर्थिक वर्षको पहिलो दुई महिनामै महसुल नतिर्ने ८ हजार ७८२ ग्राहकको विद्युत् लाइन काटिएको छ। लाइन काटिएकामध्ये ८ हजार २३४ ग्राहकले बक्यौता बुझाएर पुनः विद्युत् जडान गराएका छन्। उनीहरूबाट मात्रै प्राधिकरणले २० करोड ९ लाख ७७ हजार रुपैयाँ बक्यौता असुल गरेको जनाएको छ।

मिटर लिएर नियमित विद्युत् उपभोग गर्ने तर लामो समयसम्म महसुल नतिर्ने प्रवृत्ति बढेपछि लाइन काट्ने अभियानलाई प्रभावकारी बनाइएको प्रमुख कुसियैतले बताए। गत आर्थिक वर्षमा मात्रै मधेश प्रदेशमा ४२ हजार ६६४ ग्राहकको विद्युत् लाइन काटिएको थियो। ती ग्राहकबाट प्राधिकरणले एक अर्ब ४७ लाख रुपैयाँ बक्यौता असुल गरेको थियो। प्राधिकरणका अनुसार मधेश प्रदेशमा औद्योगिक ग्राहकको हिस्सा ५९ प्रतिशत र घरेलु ग्राहकको हिस्सा ३१ प्रतिशत रहेको छ। प्रदेशका ९९ दशमलव ९९ प्रतिशत घरधुरीमा विद्युत् सेवा पुगेको र बाँकी क्षेत्रमा समेत विद्युत् विस्तारको काम भइरहेको प्रमुख कुसियैतले बताए। मधेशका जिल्लामा सिँचाइ प्रयोजनका लागि भने हालसम्म करिब १० प्रतिशत मात्रै विद्युतीकरण भएको प्राधिकरणले जनाएको छ। समग्र प्रदेशमा चुहावट घट्दै गए पनि मौलापुर, गौर र मलङ्गवा क्षेत्रमा उच्च चुहावट कायम रहनुले प्राधिकरणका लागि यी क्षेत्र अझै मुख्य चुनौतीका रूपमा देखिएका छन्। चुहावट नियन्त्रणसँगै बक्यौता असुली अभियानलाई तीव्र बनाउँदै लगिए प्रदेशमा विद्युत् प्रणालीको क्षति थप घटाउने प्राधिकरणको लक्ष्य छ।

# पत्रकार महासंघ धनुषाको १४औँ साधारणसभा सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल पत्रकार महासंघ धनुषा शाखाको १४औं साधारणसभा सम्पन्न भएको छ। साधारणसभाको उदघाटन सत्रमा प्रमुख अतिथिको आसनबाट बोल्दै मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवले पछिल्लो समय संघियता आर्थिक भार बढाएको भन्दै गलत भाष्य निर्माण गरिएको आरोप लगाएका छन्। सभामुख यादवले संघियता नरुचाउनेहरुले यस्तो गलत भाष्यको निर्माण गरेको स्पष्ट पार्नुभयो। उहाँले महालेखा परिक्षकको कार्यालयको प्रतिवेदन हेर्ने हो भने संघको पदाधिकारी तथा कर्मचारीहरुको खर्च र प्रदेशका पदाधिकारी तथा कर्मचारीहरुको खर्चबीचको अन्तरले नै गलत भाष्यको निर्माण गरिएको स्पष्ट हुन्छ। नेपालको हरेक अधिकार प्राप्तिका लागि नेपाली सञ्चार जगतको भूमिका उदाहरणीय रहेको उहाँको भनाई थियो। फेरी यहाँका संचार क्षेत्र संघियता संरक्षणकालागि बोल्नुपर्ने आवश्यक रहेको बताए। यद्यपि पछिल्लो समय संचार क्षेत्रमाथि पनि चुनौति थपिएको सभामुख यादवले बताए। सामाजिक सञ्जालमा बढ्दै गईरहेको गलत सूचनाका कारण संचारकर्मीहरुमाथि चुनौती थपिएको स्पष्ट पारे। उनले कलम चलाउने र अध्ययनशिल पत्रकारहरुकालाई यस्ता चुनौतीबाट डराउन नहुने बताए।

नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले नेपाल पत्रकार महासंघ अहिले आफ्नो इतिहासकै कठिन मोडमा रहेको बताइन्। उनले अहिले हामी संघ लोकतन्त्र छ, अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ तर त्यसको पूर्ण प्रयोग गर्न नपाएको स्पष्ट पारिन्। त्यसैले महासंघ अहिले कठिन मोडबाट गुज्री रहेको बताइन्। अध्यक्ष शर्माले नेपाली पत्रकारिता जगतले पंचायती व्यवस्था, माओवादी सशस्त्र द्वन्द्व लगायतको विपरित परस्थितिमा सूचना सम्प्रेषणको काम गरेको स्मरण गराउँदै अहिले नेपाली पत्रकारिता जगत त्यो भन्दा पनि कठिन मोडमा रहेको बताइन्। दुई तिहाइको वर्तमान सरकार लोकतन्त्र, संविधान तथा अभिव्यक्ति स्वतन्त्रताको अक्षरशः पालन गर्ने कुनै प्रकारको नियत नेदेखाइरहेको आरोप लगाइन्। पछिल्लो समय वर्तमान सामाजिक सञ्जाल प्रयोगकर्तामाथि मेन स्ट्रीमको मिडियाभन्दा बढी विश्वास गर्ने गरेको अध्यक्ष शर्माको आरोप थियो।

उद्घाटन सत्रमै नेपाल पत्रकार महासंघ धनुषाले धन्य धनुषा नामक स्मारिकाको विमोचन समेत गरेको छ। नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहको अध्यक्षतामा भएको उदघाटन सत्रमा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्ष धर्मेन्द्र झा, मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसद मण्डल, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, नेपाल पत्रकार महासंघ मधेसका अध्यक्ष श्याम बञ्जारा, आम सञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गा, मिडिया काउन्सिलका अध्यक्ष वन्दना झा, नेपाल पत्रकार महासंघका केन्द्रीय पदाधिकारीहरु, बरिष्ठ पत्रकारहरु लगायतले बोलेका थिए।

सोही अवसरमा स्व. पत्रकार उमा सिंह पत्रकारिता पुरस्कार संचारकर्मी रिंकु मिश्र गायत्री, रामभरत साह कनकलता उत्कृष्ट प्रतिभा पत्रकारिता पुरस्कार पत्रकार अशोक दत्त र अनिता चौधरी पत्रकारिता पुरस्कार मो.इन्तेखाब आलमलाई प्रदान गरिएको छ। त्यस्तै पत्रकार सपना कर्णलाई पत्रकारिता सम्बन्धि उच्च शिक्षाका लागि छात्रवृत्ति प्रदान गरिएको छ।

साधारणसभाको बन्द सत्रमा महासंघ धनुषा शाखाका सचिव बटुकनाथ झाले प्रस्तुत गरेको सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष गोविन्द महतोले प्रस्तुत गरेको आर्थिक प्रतिवेदनलाई पारित गरिएको छ।

## निजी मेडिकल कलेजको सिट बढाउनदेखि मेडिकल टुरिजमसम्म:

# सरकारसँग सातबुँदे नीतिगत माग



**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपाललाई चिकित्सा शिक्षाको क्षेत्रीय केन्द्र तथा मेडिकल टुरिजम हबका रूपमा विकास गर्न तत्काल नीतिगत निर्णय लिनुपर्ने माग नेपाल निजी मेडिकल तथा डेन्टल कलेज संघले अघि सारेको छ।

संघले नयाँ पूर्वाधार निर्माणमा थप लगानी गर्नुभन्दा देशमा पहिले नै निर्माण भइसकेका मेडिकल कलेज, शिक्षण अस्पताल, प्रयोगशाला, उपकरण र जनशक्तिको अधिकतम उपयोग गर्ने नीति लिन सरकारलाई आग्रह गरेको हो। संघका अध्यक्ष प्रा. डा. ज्ञानेन्द्रमान सिंह कार्कीले बिहीबार जारी गरेको आधिकारिक धारणामार्फत चिकित्सा शिक्षालाई मुलुकको आर्थिक तथा स्वास्थ्य क्षेत्रको महत्वपूर्ण आधारका रूपमा विकास गर्न सकिने बताएका छन्।

संघका अनुसार निजी क्षेत्रले चिकित्सा तथा दन्त शिक्षामा १ खर्ब रुपैयाँभन्दा बढी लगानी गरिसकेको छ। यस क्षेत्रबाट २० हजारभन्दा बढी नेपालीले प्रत्यक्ष रोजगारी पाएको र हाल नेपालमा १९ वटा निजी मेडिकल तथा डेन्टल कलेज सञ्चालनमा रहेको संघको दाबी छ।

संघले अहिले उपलब्ध पूर्वाधार र जनशक्तिलाई पूर्ण क्षमतामा उपयोग गर्न सके नेपालले चिकित्सा शिक्षा र स्वास्थ्य सेवामार्फत थप आर्थिक लाभ लिन सक्ने जनाएको छ।

**मापदण्ड पुगेका कलेजलाई १५० सिटसम्म दिन माग**
संघले चिकित्सा शिक्षा आयोग गठनपछि सबै मेडिकल कलेजको एमबीबीएस भर्ना क्षमता समान रूपमा १०० सिटमा सीमित गरिएको भन्दै संस्थागत क्षमताका आधारमा विद्यार्थी संख्या पुनरावलोकन गर्न माग गरेको छ। कलेजको पूर्वाधार, दक्ष शिक्षक तथा शिक्षण अस्पतालको क्षमता प्रमाणित गरी मापदण्ड पूरा गर्ने संस्थालाई १५० एमबीबीएस सिटसम्म पुनःस्थापना गर्नुपर्ने संघको प्रस्ताव छ।

त्यसैगरी वर्षमा दुईवटा शैक्षिक सत्र सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्ने मागसमेत संघले अघि सारेको छ। संघको भनाइमा नेपालमा चिकित्सा शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीको अभाव छैन। आवश्यक शिक्षक, अस्पताल र भौतिक पूर्वाधारसमेत कतिपय संस्थामा उपलब्ध हुँदाहुँदै पनि विद्यमान क्षमताको पूर्ण उपयोग गर्न नीतिगत अवरोध रहेको छ।

**विदेशी विद्यार्थीबाट वार्षिक ३० अर्बसम्म आम्दानीको दाबी**
चिकित्सा शिक्षालाई अन्तर्राष्ट्रिय बजारसँग जोड्न सके नेपालले विदेशी मुद्रा आर्जनको नयाँ स्रोत विकास गर्न सक्ने संघको दाबी छ। संघले विदेशी विद्यार्थीका लागि छुट्टै अन्तर्राष्ट्रिय शैक्षिक सत्र सञ्चालन गर्नुपर्ने प्रस्ताव गरेको छ। प्रत्येक कलेजले आफ्नो प्रमाणित क्षमताका आधारमा करिब १५० अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना गर्न सक्ने र यसबाट समग्र क्षेत्रमा वार्षिक करिब ३० अर्ब रुपैयाँ बराबरको विदेशी मुद्रा भित्र्याउन सकिने अनुमान संघले सार्वजनिक गरेको छ।

विदेशी विद्यार्थीबाट प्राप्त आम्दानीको निश्चित हिस्सा नेपाली विद्यार्थीको छात्रवृत्तिमा लगानी गर्न सकिने संघको प्रस्ताव छ। यसबाट करिब ५०० थप पूर्ण छात्रवृत्ति सिटका लागि वित्तीय स्रोत जुटाउन सकिने र त्यसको वार्षिक मूल्य करिब २ अर्ब रुपैयाँ हुने संघको दाबी छ।

**भारतका विद्यार्थी आकर्षित गर्ने रणनीति**
संघले भारतलगायत विभिन्न मुलुकमा चिकित्सा शिक्षा अध्ययनका लागि ठूलो प्रतिस्पर्धा रहेको उल्लेख गर्दै त्यसबाट नेपालले लाभ लिन सक्ने जनाएको छ। अंग्रेजी माध्यमबाट अध्ययन, मान्यता प्राप्त विश्वविद्यालय, शिक्षण अस्पताल तथा तुलनात्मक रूपमा प्रतिस्पर्धी लागतका कारण नेपाललाई दक्षिण एसियाका विद्यार्थीका लागि चिकित्सा शिक्षाको गन्तव्य बनाउन सकिने संघको भनाइ छ।

विदेशी विद्यार्थीको भर्ना सहज बनाउन अन्तर्राष्ट्रिय रूपमा मान्य प्रवेश परीक्षालाई मान्यता दिने, स्पष्ट तथा एउटै भर्ना पात्रो सार्वजनिक गर्ने र गैर–भारतीय विद्यार्थीका लागि पूर्वानुमान गर्न सकिने भर्ना प्रणाली विकास गर्नुपर्ने माग पनि संघले गरेको छ।

**नर्सिङमा घटेको क्षमता पुनःस्थापित गर्न माग**
निजी मेडिकल कलेज संघले नर्सिङ शिक्षामा देखिएको गिरावटप्रति पनि सरकारको ध्यानाकर्षण गराएको छ। संघका अनुसार नेपालमा नर्सिङ कलेजको संख्या ११७ बाट घटेर ४५ मा सीमित भएको छ। यस क्रममा ७३ वटा संस्था बन्द हुँदा करिब ३ हजार ७ सय प्रशिक्षण सिट गुमेको तथा करिब ११ अर्ब ७० करोड रुपैयाँ बराबरको लगानी प्रभावित भएको संघको दाबी छ।

नेपाललाई अझै करिब ८१ हजार थप नर्स आवश्यक रहेको उल्लेख गर्दै संघले देशभित्रै नर्स उत्पादनको क्षमता विस्तार गर्नुपर्ने बताएको छ। शिक्षण अस्पताललाई पीसीएल नर्सिङ कार्यक्रम सञ्चालन गर्न दिने सम्बन्धमा अदालतबाट भएको निर्णय कार्यान्वयन गर्नसमेत संघले सरकारसँग आग्रह गरेको छ।

**शुल्क पुनरावलोकनको माग**
संघले चिकित्सा शिक्षाको शुल्कसमेत पुनरावलोकन गर्नुपर्ने माग अघि सारेको छ। उसका अनुसार सन् २०१९ यता एमबीबीएसको शुल्क व्यवहारतः स्थिर रहे पनि त्यस अवधिमा मुद्रास्फीति, शिक्षकको पारिश्रमिक, अस्पताल सञ्चालन, उपकरण, औषधि तथा प्रयोगशाला सामग्रीको लागत उल्लेख्य रूपमा बढेको छ। हाल एमबीबीएसको कुल शिक्षण शुल्क करिब ४५ लाख रुपैयाँ तथा बीडीएसको करिब २० लाख रुपैयाँ रहेको उल्लेख गर्दै संघले स्वतन्त्र अध्ययनमार्फत वास्तविक लागत पहिचान गरी वैज्ञानिक आधारमा शुल्क निर्धारण गर्नुपर्ने माग गरेको छ। तर शुल्क पुनरावलोकनसँगै मेडिकल कलेजलाई गुणस्तरका आधारमा सार्वजनिक रूपमा श्रेणीकरण गर्ने र विद्यार्थी भर्ना क्षमता तथा शुल्कलाई गुणस्तर सूचकसँग आबद्ध गर्नुपर्ने प्रस्ताव पनि संघले अघि सारेको छ।

**'विद्यार्थीको गुणस्तरमा कलेजको मात्र भूमिका छैन'**
निजी मेडिकल कलेजहरूले

*बाँकी पृष्ठ ३ मा*




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–